बाल सन्दर्भ सामग्री – ७

समयको खेल



नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

समयको खेल

यो किताब
पुस्तकालय प्रयोजनका लागि हो ।
बिक्री गर्न पाइने छैन ।

सामग्री सङ्कलन
इन्दिरा चालिसे, रत्नमान शाक्य, जयप्रसाद लम्साल
योगराज भट्टराई, लक्ष्मीभक्त बासुकला

चित्राङ्कन कर्ता
सुनिल रञ्जित

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

परिमार्जित संस्करण : २०७३

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को सहयोगमा यो सन्दर्भ सामग्री प्रकाशन भएको हो। यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ। यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिनिधित्व गर्दैनन्।

हाम्रो भनाइ

बाल बालिकाको पठन सिप बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक र बौद्धिक विकासका लागि सिकाइ सम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सन्दर्भ सामग्रीले बाल बालिकालाई अध्ययनशील बनाउनका साथै पढाइ सिप विकास गरी पाठ्य पुस्तकमा भएका विषय वस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।

पाठ्यक्रम विकास केन्द्रद्वारा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा यो सन्दर्भ सामग्रीलाई अद्यावधिक गरी युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो । प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिएको छ तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ ।

प्रस्तुत सामग्री शिक्षकहरूले सबै बाल बालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ । अन्त्यमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।

वि.सं. २०७३

पाठ्यक्रम विकास केन्द्र

कथाक्रम

क्र.स.	शीर्षक	पृष्ठ सङ्ख्या
१.	समयको खेल	५
२.	श्याम र सुनको हार	१३
३.	प्रायश्चित	२२

समयको खेल

एकादेशमा एक जना राजा थिए। उनी दयालु पनि थिए। उनी निकै शक्तिशाली थिए। उनको ख्याति अरू देशमा पनि फैलिएको थियो। उनीदेखि छिमेकी देशका राजाहरूसमेत डराउँथे।

एक दिनको कुरो हो, राजा कतै जङ्गलतिर एक्लै घुम्न गएका थिए। घुम्दा घुम्दा राजालाई थकाइ लाग्यो। उनी एउटा ठुलो रुखनेर सुस्ताउन थाले।

गर्मीका कारण राजालाई पङ्खाको आवश्यकता पऱ्यो। उनले पङ्खाको काम लिन भनेर रुखको एउटा हाँगो चुँडाल्न मात्रै के आँटेका थिए, त्यस हाँगामा बसेको चराले भन्यो, "पर्खनुहोस्, यो हाँगो नभाँच्नुहोस्! यहाँ मेरो घर छ। यो घर बनाउन मैले निकै श्रम र समय लगाएको छु।"

राजाले आश्चर्य मान्दै भने, "घर रे ! खोइ घर ? म त यहाँ त्यान्द्रातुन्द्री र माटाको डल्लोबाहेक केही देख्दिनँ नि त ।" चराले विनम्र हुँदै भन्यो, "हो, यही सानो डल्लो नै मेरो गुँड हो । यसभित्र मेरा बच्चाहरू सुरक्षित छन् । व्यर्थमा कसैको घर भत्काएर तपाईँलाई के फाइदा ? आज हामीलाई जोगाइदिनुभयो भने कुनै दिन यो गुन तपाईँलाई तिरौँला ।" राजाले क्षमा माग्दै भने, "हे, चरा ! मलाई माफ गर । तिमीले नरोकेको भए मबाट आज ठुलो अपराध हुने थियो । केही छैन, म अर्को हाँगो लिउँला ।"

राजाले अर्को हाँगो चुँडाल्न के खोजेका थिए, त्यहाँ बसेका कमिलाहरू कराए, "हे, परदेशी, हाम्रो घर नभत्काउनुहोस्। यहाँका पात पातलाई धागाले जोडेर हामी यहाँ बसेका छौँ। यो घर बनाउन हामीले अति मिहिनेत गरेका छौँ। हामीलाई बर्बाद नगर्नुहोस्। कुनै दिन हामी पनि तपाईँको काम आउँला।"

राजाले मनमनै हाँसे, "फिस्टो चरो र भुसुनो कमिलो मेरो काम आउने, हा...हा...हा... !" उनलाई आफ्नो शक्तिको घमन्ड थियो तैपनि उनले मिठो वचनले भने, "म तिमीहरूको घर बिगार्दिनँ। म यस जङ्गलभित्रको कुनै पनि कुरो छुन्न।" राजा आफ्नो बाटो लागे।

समय सधैँ एक समान रहन्न । दिन, महिना र वर्ष बित्दै गए । ती राजाको अर्को देशको राजासित ठुलो युद्ध चल्यो । युद्धमा उनी हारे । युद्धमा उनका धेरै सैनिकहरू मरे र उनले आफ्नो राज्य पनि गुमाए । आफ्नो ज्यान जोगाउनसमेत उनले भाग्नुपऱ्यो ।

राजालाई शत्रु देशका सैनिकहरू पछ्याउँदै थिए। उनी भाग्दै जङ्गलभित्र पसे। सैनिकहरू राजाको निकै नजिक पुगिसकेका थिए। नजिकै एउटा ठुलो रुख थियो। उनी त्यही रुखको टोड्काभित्र छिरे। त्यो रुख त उहिले राजाले भेटेका तिनै चरा र कमिलाहरू बस्ने रुख पो रहेछ। राजालाई समस्या परेको कुरा चरा र कमिलाहरूले बुझे। राजाको टाउकाभरी कमिलाहरू बसे। अनि चराचाहिँ टोड्काको वरपर उड्न थाल्यो।

यत्तिकैमा सैनिकहरू त्यहाँ आइपुगे। एक जना सैनिक करायो, "राजा यही टोड्काभित्र हुनुपर्छ।" अर्कोले भन्यो, "होइन होला, यसभित्र मान्छे भएको भए यत्तिका कमिला बस्छन् र ? फेरि चरो पनि टोड्काको भित्र बाहिर गरिरहेको छ।" पहिलो सैनिकको मनले मानेन। उसले भन्यो, "त्यसो भन्दैमा हुन्छ ! राम्रोसित खोजौँ।" उनीहरूले धुइँधुइँती राजालाई खोजे तर राजाको अत्तोपत्तो लगाउन सकेनन्।

कमिलाको ताँती निकै बाक्लो थियो जसले गर्दा उनीहरूले त्यसभित्र छोपिएका राजालाई देख्न सकेनन्। उनीहरू त्यहाँबाट हिँडे।

सैनिकहरू फर्किसकेपछि राजालाई कमिलाहरूले छोडे । चरो पनि उड्न छोड्यो । राजाको ज्यान बच्यो । उनले मनमनै भने, "उहिले यी चरा र कमिलाले कुनै दिन हामी पनि काम आउँछौं भन्दाखेरि मलाई हाँसो उठेको थियो । तर आज थाहा पाएँ संसारमा बलियो र ठुलो हुँदैमा मात्र काम लाग्ने रहेन छ ।"

राजाले चरो र कमिलालाई भने, "हे, मेरा साथी हो, म यस देशको राजा हुँ। मलाई आफ्नो शक्तिदेखि ठुलो घमन्ड थियो। आज त्यो घमन्ड तोडियो। म तिमीहरूदेखि ज्यादै प्रभावित भएँ। अब म आफ्ना देशका मानिसहरूलाई असल मान्छे हुने शिक्षा दिने छु ।" चरा र कमिलालाई धन्यवाद दिई राजा आफ्नो बाटो लागे ।

श्याम र सुनको हार

एकादेशमा एउटी बुढी थिइन्। बुढीको एउटा सानो छोरो थियो। छोराको नाम श्याम थियो। उनीहरूलाई बिहान बेलुकाको छाक टार्न पनि मुस्किल थियो।

एक दिन श्याम खेल्दै खेल्दै देवीको मन्दिरबाहिर पुग्यो। उसले त्यहाँ एउटा अति राम्रो ढुङ्गो देख्यो। उसले ढुङ्गो टिप्यो। त्यो ढुङ्गो खेलाउँदै ऊ घर फर्क्यो।



उसकी आमाले उसका हातमा सुनको डल्लो देखिन्। उनी सारै डराइन्। यसले कहाँबाट कसको सुन चोरेर ल्यायो भनेर कराउन थालिन्। श्यामले आमालाई त्यो ढुङ्गो आफूले मन्दिरको बाहिर भेटेको कुरो बतायो। आमाले भनिन्, "त्यो ढुङ्गो जहाँबाट ल्याएको हो, त्यही फालेर आइज, नत्र राजाले तँलाई दुःख दिने छन्।"

श्यामलाई त्यो ढुङ्गो सारै राम्रो लागेको थियो। त्यसैले ऊ रुँदै रुँदै त्यो

ढुङ्गा फाल्न हिँड्यो। बाटामा एउटा साहुसँग श्यामको भेट भयो। साहुले श्यामलाई भन्यो, "श्याम, तेरो हातमा त्यो के हो ?" श्यामले भन्यो, "यो एउटा ढुङ्गो हो। म त फाल्न हिँडेको।" साहुले भन्यो, "श्याम, त्यो ढुङ्गो मलाई देऊ, म तिमीलाई धेरै रुपियाँ दिन्छु।" श्यामले पनि धेरै रुपियाँ पाएपछि त्यो ढुङ्गो साहुलाई दियो र घर फर्क्यो।

रुपियाँ पैसा पाएपछि श्यामका आमाछोरालाई खान लाउन दुःख परेन। उनीहरू सुखसँग दिन बिताउन लागे।

साहुले त्यो ढुङ्गो (सुन) मन्त्रीलाई बेच्यो। मन्त्रीले आफ्नी छोरीलाई त्यो सुनको हार बनाएर लगाउन दियो।

एक दिन राजाको दरबारमा भोजको निम्तामा मन्त्रीले आफ्नी छोरीलाई लगे। उनकी छोरीले त्यो सुनको हार लगाएकी थिइन्। त्यो हार राजकुमारीलाई असाध्यै राम्रो लाग्यो। उनले राजालाई भनिन्, "बुबा हजुर, मलाई पनि मन्त्रीकी छोरीको जस्तो हार लगाउन मन लाग्यो।"

राजाले छोरीको कुरा टार्न सकेनन् । उनले मन्त्रीसँग सोधे, "मन्त्री, तिमीले त्यो हार कहाँबाट ल्यायौ ?" मन्त्रीले सीधा जवाफ दिए, "एउटा साहुसँग सुन किनेर बनाउन लगाएको हो, महाराज !"

राजाले साहुलाई झिकाएर सोधे, "तिमीले त्यो सुन कहाँबाट ल्याएर मन्त्रीलाई बेच्यौ ?" साहुले जवाफ दियो, "श्यामसँग किनेको हुँ महाराज ।" श्यामलाई बोलाएर सोधियो । उसले जवाफ दिन सकेन ।

राजाले श्यामलाई त्यस्तै सुन ल्याउने आदेश दिए। सुन ल्याउन नसके उसलाई ठुलो सजाय गर्नेसमेत घोषणा गरे। त्यो सुनेर श्याम रुन थाल्यो। रोएर मात्र समस्याको समाधान नहुने देखेर श्याम उठेर फटाफट हिँड्यो।

जाँदा जाँदा ऊ एउटा घना जङ्गलमा पुग्यो। त्यस जङ्गलका बिचमा एउटा तलाउ रहेछ। त्यसको नजिकै एउटी सुन्दरी तपस्या गरेर बसेकी श्यामले देख्यो। सुन्दरीले सुनको हार लगाएको पनि श्यामले देख्यो।

श्यामले विचार गऱ्यो, "अब म यिनैको सेवा गरेर बस्छु र तिनीसँग एउटा हार मागेर राजालाई टक्याउँछु ।" त्यसै बेला त्यस सुन्दरीको तपस्या टुट्यो । उनले श्यामलाई हेर्दै भनिन्, "हजुर को हुनुहुन्छ ? के कति कामले यहाँ आउनुभयो, सबै बताउनुहोस् ।" श्यामले पनि मौका पाइहाल्यो । राजासँग भएका सबै कुरा त्यस केटीलाई बतायो । सो सुनेर सुन्दरीले भनिन्, "यो हारको त के कुरा, यस हारकी मालिक्नी म नै हजुरकी हुँ । मलाई बिहे गरेर लैजानुहोस् ।"

श्याम त्यस केटीसहित सुनको हार लिएर घर आइपुग्यो । श्यामकी आमा यो केटी को होली भनेर जिल्ल परिन् । केही समयपछि उनले आफ्नो

छोरा श्यामलाई एउटा कुनामा बोलाएर सोधिन्, "बाबु श्याम, यो केटी को हो ? किन ल्याइस् ?"

श्यामले पनि आफू जङ्गलमा गएको सबै बेली विस्तार आमालाई सुनायो। यो तपाइँकी बुहारी हो भन्यो । अनि आफ्नी श्रीमतीतिर फर्केर भन्यो, "आमाको दर्शन गर।" श्रीमतीले पनि आफ्नी सासुलाई ढोगिन्। त्यस दिन उनीहरू राती ढिलासम्म बसी रमाइला रमाइला गफ गरी सुते।

भोलिपल्ट श्यामले त्यस सुनको हार लगेर राजालाई टक्र्यायो। त्यो पाएर राजा र राजकुमारी धेरै खुसी भए। राजाले यो धेरै काम लाग्ने मानिस हो। यसलाई यहीँ दरबारमा भर्ना गर्नुपर्छ भनी भर्ना गरे। त्यस दिनदेखि श्यामकी आमा, श्रीमती र श्याम आनन्दसँग दिन बिताउन थाले।

प्रायश्चित



एउटा किसानको परिवार थियो। त्यस परिवारमा तिन जना सदस्य थिए, बुबा, आमा र एउटी छोरी। तिनीहरूको जीवन सुखी नै थियो। आफ्नै खेतबारी, गाई र बाख्रासमेत पालेका हुँदा तिनीहरूको जीवन आनन्दसँगै बितिरहेको थियो। आमाबाबु खेतमा काम गर्ने र सानी छोरी बाख्रा चराउने गर्थीं। सानी छोरी बाख्रालाई असाध्यै माया गर्थीं, अनि बाख्रो पनि तिनलाई असाध्यै माया गर्थ्यो। त्यो बाख्रो साधारण खालको थिएन। एकदम असाधारण खालको बाख्रो थियो। आवश्यकता परेका बेला विभिन्न किसिमको मदत पुऱ्याउने खालको थियो। यसरी तिन जनाको परिवार सुखसँग दिन बिताउँदै थियो।



एक दिन अचानक त्यस परिवारमा अँध्यारो छायो। ती सानी छोरीकी आमा अचानक बिरामी परिन्। झाँकी, वैद्यलाई देखाउँदा पनि केही सिप लागेन। आखिर दैवले लगिहाल्यो। सानी छोरी रोइ, कराई। उनका बाबु पनि श्रीमतीले छोडर गएकोमा डाँको छोडेर रोए। बाख्रासमेतले आँसु बगायो। आफ्नै भाषामा विरह गर्दै रोयो। एवम् रीतले समय बित्दै गयो। बाबुछोरीले मात्र सबै काम गर्न भ्याएनन्।

गाउँका छिमेकीहरूले किसानलाई फेरि विवाह गर्ने सल्लाह दिए। घरको कामकाज गर्न, छोरीको हेरचाह गर्न, अर्को बिहे गर्नैपर्छ भन्ने गाउँलेहरूले कर गरे। तर बाबुचाहिँलाई आफ्नी छोरीको पनि चिन्ता थियो। कान्छी श्रीमतीले सौतेनी छोरी भनी माया नगर्ने, हेप्ने गर्ली भन्ने चिन्ता पऱ्यो।

एक दिन गाउँलेहरूको करकापले पनि कान्छी दुलही भित्र्याइयो। त्यस कान्छी दुलहीले सौतेली छोरीलाई सुरु सुरुमा असाध्यै माया गरी। आफ्नो कोखबाट जन्मेको सन्तति झैँ गरी।

केही वर्षपछि कान्छी श्रीमतीबाट पनि एउटी छोरी जन्मिई। अनि उसले आफ्नी छोरीलाई मात्र हेर्न र माया गर्न थाली। घरमा सौतेनी छोरीलाई अवहेलना, गाली गर्ने काम सौतेनी आमाले सुरु गरी। बाबु चाहिँलाई खेतको काम आदिले घरमा हेर्ने कमै फुर्सत मिल्थ्यो। ठुली छोरीले खाना खाएको, नखाएको सोध्ने समेत फुर्सत भएन। सौतेनी आमाले घरका सारा चिजहरूमा हुकुम चलाउन थाली। बहिनीलाई भने ठुली छोरी खुब माया गर्थी। आफ्नी सानी बहिनी भनेर बाख्रा चराउन लाँदा पिठ्यूँमा बोकी बोकी लाने गर्थी। घरमा पेटभरि कहिल्यै खान पाएकी थिइन। अनि कहिलेकाहीँ त भोकै पनि बाख्रा चराउन जानुपर्ने हुन्थ्यो।

एक दिनको कुरा हो, घरमा सौतेनी आमाले खान नदिएकाले ऊ बाख्रा लिएर भोकै जङ्गल गई। जङ्गलमा बस्दा बस्दा भोक असाध्य लागेछ। खानेकुरा केही थिएन। ऊ त रुन थाली। बाख्राले जङ्गलमा घाँस खोजीखोजी खायो।

त्यो देखेर त्यस असाधारण बाख्राले तिनलाई अकस्मात् मिठो मिठो खाने कुराहरू ल्याएर खुवायो।

एवम् रीतले ठुली चाहिँ छोरीले कहिलेकाहीँ आफ्नी सानी बहिनीलाई पनि जङ्गल ल्याउने गरेको र जङ्गलमा बाख्राले उसलाई खाने कुरा ल्याइदिने भएको कुरा बुझ्न थाली । अनि कान्छी छोरीले सबै कुरा आमालाई सुनाई ।

एक दिन त सौतेनी आमाले ठुली छोरीलाई बाख्राले के कुरा खान दिन्थ्यो त भनी जङ्गलमा लुकेर हेरिरहेकी थिई । त्यस असाधारण बाख्राले आफ्नो सिङलाई दोब्र्याउँथ्यो। त्यहाँबाट मिठा मिठा खानेकुराहरू निकालेर ठुलीलाई खान दिन्थ्यो । त्यो कुरा सब सौतेनी आमाले हेरिरही ।

त्यस दिनदेखि सौतेनी आमाले बाख्रा चराउन आफ्नी छोरीलाई पठाइन्। ठुलीलाई घरको काम गर्न लगाइन् तर बाख्राले भने कान्छी छोरीलाई खानेकुरा दिएनछ। यो कुरा कान्छी छोरीले आमालाई सुनाई। सौतेनी आमालाई रिस उठ्यो। एक दिन उसले बाख्रालाई भिरबाट खसालिदिई।

बाख्रो मरेकाले ठुली छोरी खुबै रोई। फेरि कान्छी आमाले बाबुचाहिँलाई भए नभएका कुरा लगाएर बाबुछोरीमा पनि फाटो ल्याएकी थिई। कान्छी श्रीमतीको लहैलहैमा लागेर ठुली छोरीलाई त बाबुले पनि माया नगर्ने भयो। अनि ऊ जङ्गलमा एक्लै धेरै बेरसम्म बाख्राको सम्झना गर्दै रुने गर्थी। घर पुग्दा फेरि सौतेनी आमाले यति रातीसम्म कहाँ थिइस् भन्दै गाली गर्थी। सानी बहिनी पनि कुरौटे भइसकेकी थिई। भए नभएका कुरा आफ्नी आमालाई लगाउने भई। अनि ठुली छोरी तिनीहरूको आँखाको कसिङ्गर नै हुँदै गई।

एक दिन कान्छी आमाले ती ठुली छोरीलाई संसारबाटै टाढा पठाउने जुक्ति निकालिछ। उसले त्यस छोरीलाई स्वर्ग पठाएर हीरा, मोती सुन, चाँदी लिन पठाउने विचार गरी। अनि कान्छी आमाले आफ्नो लोग्नेलाई भनी, "तपाईँ आफ्नी ठुली छोरीलाई हीरा, मोती धन सम्पत्ति लिन स्वर्ग पठाउनुहोस्।" बाबुचाहिँलाई यो कुरा कसरी हुन्छ, थाहा थिएन । अनि कान्छी श्रीमतीले उपाय बताई । त्यो उपाय के भने मसानमा लगेर दाउराको चाङमाथि सुताउने अनि ऊ स्वर्ग पुग्छे र पछि धन सम्पत्ति लिएर फेरि फर्किन्छे । यस्तो कुराले त बाबुलाई असाध्यै दुःख भयो । मान्छेलाई जिउँदो मार्नु, त्यो पनि आफ्नी ठुली छोरीलाई ! स्वर्गीय पत्नीको एक मात्र चिनुलाई यसो गर्न मनले मानेन । जेहोस्, बाबुको त आफ्नै छोरी हो । त्यसै माया लागेर आयो ।

उता कान्छी श्रीमतीले यसो गर कि गर भन्ने ढिपी लगाई। यसो नगरे आफैँ झुन्डिएर मर्ने धम्कीसमेत सुन्नुपऱ्यो। अनि के गर्ने! रुँदै रुँदै बाबुले आफ्नी जेठी छोरीलाई लिएर दाउराको भारी बोकी मसानतिर लाग्यो। अनि बाबुले दाउराको चाङ लगायो। त्यसपछि रुँदै लौ छोरी, अब तिम्रो बाँच्नु यत्ति नै हो के गर्नु भन्दै चितामा सुत्न लगायो।

चितामा लागो बाल्नलाई त सलाई वा बत्ती चाहिन्छ तर बाबुले सलाई लैजान बिर्सिएको रहेछ । बाबुचाहिँ सलाई लिन छोरीलाई त्यही छोडेर घर फर्क्यो ।

सोही बेला ठुली छोरी चिताबाट ओर्लेर सँगैको रुखमाथि चढेर लुकेर बसिरही। बाबुचाहिँ सलाई लिएर फर्कँदा रात परिसकेको थियो। अन्धकार भएकाले केही नदेखिने भइसकेको थियो, तैपनि बाबुले छामछाम र छुमछुम गरी सलाई कोरेर चिताको दाउरा दनदन्ती बालेर ऊ घर फर्केछ । श्रीमतीले सोधी, "ठुली छोरीलाई स्वर्गमा पुऱ्याएर आयौ त ?" बाबुले आएँ भनेर रुँदै जवाफ दियो । अनि किन रुन्छौ त बुढा, भोलि बिहान त सुनचाँदी र हीरामोतीको भारी बोकेर छोरी आइहाल्छे नि भनी ।



यत्तिकैमा उता मसानमा रुखमा बसेकी ठुली छोरी डरले रुन थाली । यस्तैमा अचानक तिन चार जना मानिसको आवाज सुनिन थाल्यो। तिनीहरू त चोर पो रहेछन्। तिनीहरूले चोरेर ल्याएका सामानहरू भाग लगाउँदा एक आपसमा कमबेसी भएर झगडा गरेका थिए ।

तिनीहरूको आवाज झन् झन् चर्को हुँदै आयो । चिनीहरू झगडा गरिरहेकै ठाउँको ठिक माथि रुखमा ठुली छोरी लुकेर बसेकी थिई । ऊ डराउन थाली । उसको सास बढ्न थाल्यो । ऊ पनि काम्न थाली र त्यसपछि तल खसी । अचानक मानिस झरेकाले चोरहरू चाहिँ पुलिस आयो भनेर त्यहाँबाट चोरेर ल्याएका सामानहरू त्यहीँ छोडेर कुलेलम ठोके ।

अनि ती सामानहरू सबै ती ठुली छोरीले पोका पारी। सामानहरू के के हुन्, केही देखिँदैनथ्यो, तैपनि पोका पारी सबै एउटै ठाउँमा जम्मा गर्दा एक डोको नै भएछ। अनि सबै बोकी घरको बाटो लागी। बिहानपख मात्र ऊ घर पुगी। ढोका घचघच्याई 'ए बा ! ए आमा !' भनेर बोलाई। बाबुले यो त ठुली छोरीको आवाज जस्तो छ भन्यो, तर आफ्नै हातले जलाएर आएकी छोरी के फर्किन्थी ! यो त उसको आत्मा आएको होला भनेर चुप लाग्यो।

धेरै बेरसम्म पनि ढोका घचघच्याएर बुबा, बुबा, आमा, आमा, बहिनी भनी बोलाएकाले पक्कै आफ्नै छोरी हो भनेर बाबुले ढोका खोल्यो। उसले साँच्चै भारी बोकेर ठुली छोरी ढोकाबाहिर उभिरहेकी पाइयो। छोरी जिउँदो देखेकाले बाबु खुसी भयो तर सौतेनी आमा त रिसले आगो भई। यत्तिकैमा ठुली छोरीले बुबा भारी गरौँ भयो, बिसाउन सहयोग गर्नुहोस् न भनी। भारी तल बिसाएर हेर्दा त भारीभित्र त हीरा, मोती, सुन, चाँदी र रुपियाँ गरगहनाहरू रहेछन्। अनि यत्रो सम्पत्ति देखेपछि बाबु, सौतेनी आमा, सानी बहिनी सबै खुसी भए। त्यस दिनदेखि ती दुवैले उसलाई माया पनि गर्न थाले। तिनीहरू सबै खुसी र सुखी भए।

तर कान्छी आमाको मनमा भने लोभ बढ्न थाल्यो। जेठी छोरीलाई स्वर्ग पठाउँदा त यति सम्पत्ति ल्याई भने कान्छी छोरीलाई पनि पठाउँदा त अझ धेरै सम्पत्ति हुने छ भन्ने उसले सोची।

भोलिपल्ट श्रीमतीले किसानलाई भनी, "जाऊ, अब कान्छी छोरीलाई पनि स्वर्ग पुऱ्याएर आऊ। धन सम्पत्ति अरू पनि धेरै आओस्।" बाबुले भने, "हेर, छोरीकी आमा! धेरै लोभ नगरेस्। यो सम्पत्ति नै अब हाम्रा लागि धेरै भइसक्यो। यसमा सन्तोष गर्नुपर्छ।" तर श्रीमती जिद्दी गरेर बस्नै दिइन। जेठी छोरीलाई मात्र माया गर्ने, कान्छीप्रति माया नभएका बुढा! भनेर जे मनमा आयो, त्यही बक्न थाली।

बाबुलाई दिक्क लाग्न थाल्यो। 'लौ त हिँड्' भनेर बाबुचाहिँ फेरि दाउराको भारी बोकेर कान्छी छोरीलाई लिएर मसानतिर जान लागे। यत्तिकैमा आमाचाहिँले आफ्नी छोरीलाई योभन्दा अझ धेरै हीरा, मोती सुनचाँदी ल्याऊ है भनेर आशीर्वादसमेत दिई।

मसानमा पुगेपछि चितामा कान्छी छोरीलाई सुताएर बाबुले सलाई बाल्यो। दाउरा बलेपछि कान्छी छोरीलाई आगाले पोल्यो अनि ऊ चिच्याई, रोई कराई। बाबुले भन्यो, "तिम्री दिदीले त एक शब्द निकालिनन्, तिमी कस्तो कराएको ?" आगो दनदन बलेपछि कान्छी छोरी खरानी भई।

आमाचाहिँ छोरी फर्किएली, हीरा मोती ल्याउँली भन्ने आसमा बसिरही। धेरै दिन बित्यो तर छोरी फर्किन । दिदीले पनि बहिनीलाई खोजी । त्यसपछि आमाबुबाले फेरि गल्ती गरेको थाहा पाई । अनि त्यही जेठी छोरीले सम्झाइ बुझाइ गरी, "आमा, अब बहिनी फर्किन्न । जलेर खरानी भएपछि कहाँ फर्केर आउन सक्नू ।" बाबुले सलाई बिर्सिएकाले सलाई लिन जाँदा आफू रुखमा लुकेको र चोरहरूले चोरेको हीरामोतीबारे सबै वृत्तान्त जेठी छोरीले सुनाई। सौतेनी आमाले प्रायश्चित गरी ठुली छोरीलाई नै छोरी मानेर जीवन बिताउन थाली ।